# सिँचाई उपकरण आपूर्ति सम्बन्धी बोलपत्र आह्वानको सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०१/०७**

यस कार्यालयको आ.ब.२०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम संचालन गर्न आवश्यक पर्ने सिँचाई सामग्री आपूर्ति गर्नु पर्ने भएको हुँदा के कति दररेटमा उल्लेखित सिँचाई समाग्री उपलब्ध गराउन सक्ने हो सो उल्लेख गरी इजाजत प्राप्त संस्था, फर्म र कम्पनीको लागि ३० दिने सुचना प्रकाशित गरिएको छ। इच्छुक आपुर्तिकर्ताले निम्न शर्त पालना गरी तोकिएको म्याद भित्र यस कार्यालयमा बोलपत्र पेश गर्नुहुन अनुरोध छ।

**शर्तहरु**

१. बोलपत्र खरिदको लागि निवेदन साथ आ.ब. २०७६/०७७ को आयकर चुक्ता प्रमाण पत्र, सिँचाई सामग्री कारोबारका लागि इजाजत पत्र, स्थायी लेखा नम्बर, मुल्य अभिबुद्धि कर दर्ता प्रमाणपत्र,समेत संलग्न राखी बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखामा नगदै दाखिला गरि वा रा.बा. बैक परासीमा रहेको राजश्व खाता नं.३१००१००३०१०१००००३ मा राजश्व शिर्षक नं. १४२२९ मा दाखिला गरेको सक्कल भौचर राखी पेश गर्नुपर्नेछ।

२. सरावल गाँउपालिकाको कार्यालयले आवश्यकता अनुसार सिँचाई उपकरणको गुणस्तरका लागि प्राविधिक परिक्षण/मुल्यांकन गर्न सक्नेछ।

३. आपूर्तिकर्ताले बोलपत्र पेश गर्दा सम्पुर्ण खर्च समावेश गरी पेश गर्नुपर्नेछ र तोकिएको डेलिभरी स्थान गाँउपालिकाको कार्यालय सम्म आपुर्तिकर्ता स्वंमले ढुवानी गर्नुपर्नेछ तर ढुवानी वापत थप रकम उपलब्ध गराईने छैन।

४. आपुर्तिकर्ताले तल उल्लेखित प्राथमिकता तोकिएका कम्पनीहरुमात्र आपुर्तिका लागी आवेदन गर्न सक्नेछन अन्य कम्पनीहरु उल्लेख गरी दर्ता भएको आवेदनलाई मुल्याङ्कनका लागी सो कम्पनीहरु समावेश गरिने छैन।

५. कार्यालयबाट स्वीकृत भएका आपुर्तिकर्ताहरुलाई अनुदान रकम भुक्तानी हुनेछ र बाँकि रकमका लागी तोकिएका कृषक समुह ,कृषि फार्म तथा सहकारीबाट आपूर्तिकर्ताले स्वमं भुक्तानी लिनुपर्नेछ।

६. सरावल गाँउपालिका रा.बा. बैंकको धरौटि खाता नं.३१००१००३०३००००३ मा दाखिला गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट क वर्गका ईजाजत प्राप्त बाणिज्य बैकंबाट बोलपत्र खोल्ने दिन पछि थप ९० दिन म्याद सहित जारी भएको विडवन्ड संलग्न गर्नु पर्नेछ र बोल पत्र स्वीकृत भएमा थप २.५ प्रतिशत रकम जम्मा सहित सम्झौता गरी कार्यारम्भ गर्नु पर्नेछ।

७. स्वीकृत कार्यक्रममा थपघट वा कुनै किसिमको संशोधन भई आएमा कार्यालयको निर्णय बमोजिम हुनेछ।

८. प्रथम पटक सुचना प्रकाशित मितिले ३१ औं दिनको १२.०० बजेसम्म कार्यालयमा दाखिला गर्नुपर्ने छ। यदि उक्त दिन बिदा पर्न गएमा सोको भोली पल्ट निर्धारित समयमा नै कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ। बोलपत्र कार्यालय प्रतिनिधि र प्रस्तावकर्ता वा निजको प्रतिनिधिको रोहवरमा सोही दिनको अपरान्ह २.०० बजे कार्यालयमा खोलिनेछ। प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन। म्याद नाघी आएको, रित नपुगेको र सर्त राखिएको प्रस्ताव उपर कनै कारवाही गरिने छैन।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. बोलपत्रको सम्वन्धमा विस्तृत जानकारी लिनुपरे यस सरावल गाँउपालिकाको कृषि बिकास शाखामा समय भित्र सम्पर्क राख्न सकिने छ

११. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन,२०६३ तथा खरीद नियमावली,२०६४ बमोजिम हुनेछ।

१२. **कुल लागत ईष्टिमेट**

| क्र.स. | खरीद गर्न सकिने सिँचाई समाग्री को प्राथमिकिकरण | स्पेसिफिकेसन | परिमाण | लागत अनुमान | धरौटी रकम रु. | बोलपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | डिजेल पम्पसेट | साईज-३×२.५ ईन्च ५ हर्षपावर ,वाटरकूल, १५०० आर.पि.एम | २२ | २२३९१९०/- | ५६०००/- | ३०००/- | |
| २ | मोटर पम्पसेट | ३×३ ईन्च २ हर्ष पावर सिंगलफेज | ४५ | | | | |

(बुद्ध प्रकाश पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत